NJ: NUTA



# लेखनाथका कवितामा नियति

**नेत्रप्रसाद न्यौपाने**
नेपाली विभाग, विश्वशान्ति चिरन मिलन क्याम्पस, त्रिभुवन विश्वविद्यालय, नेपाल
**Email:** netraneupane1971@gmail.com

**लेखसार**

*नियतिभन्दा बाहिर जीवनचक्र सम्भव छैन । भाग्य कुनै पनि प्राणीको नियन्त्रणमा हुँदैन । जीवनचक्रको मूल कारण प्रारब्धको परिणाम हो । प्रारब्धको कर्मको फल नभइदिएको भए सबैको एकैखाले उन्नति हुने थियो । प्रकृति आफै स्वतन्त्र छ तर पनि प्राकृतिक नियम विपरीत प्रकृतिका पदार्थहरू पनि सञ्चालित छैनन् । तातो भएपछि हिउँ पग्लिनु प्राकृतिक नियम हो । मानिसहरूमा आइपर्ने अनेकौँ कठिनाइहरू पनि मानिसले आफै सिर्जना गरेका होइनन् । ती पूर्वजन्ममा गरिएका कर्मफलहरू हुन् । जीवन मानिसले सोचेजस्तो बन्न सक्दैन । प्रकृतिजगत् होस् अथवा नियतिजगत् दुवैलाई कार्यकारणको शृङ्खलामा जोड्ने तत्त्व दैव वा विधि हो । प्रकृतिमा परिवर्तन देखापर्नु प्रकृतिजगत्को नियति हो । विधि वा भाग्यले राजालाई मगन्ते र मगन्तेलाई राजा तथा धनीलाई निर्धन र निर्धनलाई धनी बनाइदिन्छ । नियतिले ललाटमा जस्तो गति दिएको छ त्यसलाई बदल्न सकिँदैन । दैव वा भाग्यले जे खटाउँछ त्यसैमा सन्तोष गरेर बस्नु नै उत्तम हुन्छ । नियतिका अगाडि बुद्धिले समेत काम गर्न सक्दैन । पूर्वीय दर्शनले स्वीकारेका यिनै आधारभूत मान्यताहरूलाई पृष्ठभूमि बनाएर प्रस्तुत लेख तयार पारिएको छ ।*

**शब्दकुञ्जी** : आध्यात्मिक, कार्यकारण, नियन्ता, प्राकृतिक, प्रारब्ध ।

## विषय परिचय

लेखनाथ पौड्याल (१९४१-२०२२) प्रारम्भिक अवस्थादेखि नै नियतितर्फ उन्मुख स्रष्टा हुन् । उनी आधुनिक नेपाली कविताका प्रवर्तक मानिन्छन् । उनले फुटकर रचनादेखि महाकाव्यसम्मका कृतिहरू सिर्जना गरेका छन् । आधुनिक नेपाली साहित्य (कविता विधा) को जग बसाउने विशिष्ट प्रतिभा पौड्याल नेपाली साहित्य क्षेत्रमा परिचित नाम हो । परिष्कारवादी स्रष्टामा रूपमा ख्यातिप्राप्त पौड्यालले शास्त्रीय छन्दलाई आफ्ना कवितामा सलल बगाएका छन् । माध्यमिककालीन शृङ्गारिकधारालाई चुनौती दिँदै कविताको क्षेत्रमा परिष्कारवादी काव्यधारालाई समातेर प्राकृतिक, आध्यात्मिक तथा सामाजिक विषयवस्तुमा केन्द्रित रहनु उनका रचनाहरूको विशेषता हो । नेपाली साहित्यमा नवीन मूल्य र मान्यता प्रदान गर्न पौड्यालका रचनाहरू सफल छन् । उनको काव्ययात्रा कविताबाट प्रारम्भ भएर खण्डकाव्य, नाटक, महाकाव्यसम्म वितरित बनेको छ । फुटकर रचनादेखि महाकाव्यसम्मको यात्रामा पौड्यालले प्रकृति तथा सामाजिक अवस्थालाई मूल विषयवस्तु बनाएका छन् भने कतिपय सिर्जनामा सृष्टिको प्रारम्भिक अवस्थादेखिको ऐतिहासिक धरातल खोतल्ने प्रयास गरेका छन् । उनका अधिकांश रचनाहरूले ऐतिहासिक पृष्ठभूमिको काम गरेका छन् । नेपाली साहित्यको माध्यमिककालीन शृङ्गारिक धारालाई स्पर्श गर्दै बिस्तारै शृङ्गार धाराको विरोध र परिष्कारवादी संरचनामा पौड्यालको काव्ययात्रा केन्द्रित बनेको छ । यद्यपि माध्यमिककालीन उत्तरार्ध

चरणमा पौड्यालका फुटकर रचनाहरू शृङ्गारिक धारामा नै केन्द्रित छन् ।

लेखनाथको काव्ययात्रा वि.सं.१९६१/६२ बाट प्रारम्भ भएर करिब ६० वर्षसम्म निरन्तर सक्रिय रहेको देखिन्छ । रानीपोखरी संस्कृत पाठशालामा अध्ययन गर्दा विद्यार्थी कालदेखि नै कविता विधाको लेखनबाट उनको काव्ययात्रा प्रारम्भ भएको हो । रानीपोखरी पाठशालामा पहिलोपल्ट **पाठशाला विशाला** नामक समास्यापूर्ति संस्कृत भाषाको कविता लेखेपछि उनको कवित्व प्रतिभाको बीजारोपण भएको हो (त्रिपाठी, २०४६ पृ. क) ।

लेखनाथ पौड्यालका फुटकर कविताहरू शृङ्गारिक धाराबाट प्रारम्भ भएर 'आखिरी कविता'(२०२२) मार्फत् भक्तिधारामा अन्त्य भएको छ । पौड्यालका प्रारम्भिक अवस्थाका कविताहरूले माध्यमिक कालीन शृङ्गारिकधाराको मूल धारलाई नै समातेका छन् तर यस धाराले उनलाई धेरै समयसम्म प्रभावित पार्न सकेको देखिँदैन । वि.सं. १९६३ सालमा प्रकाशित 'सुन्दरी' पत्रिकाका कविताहरूबाट नै उनी शृङ्गारलाई त्यागेर शान्तरसतर्फ उन्मुख भएका छन् । त्यसपछिका उनका फुटकर रचनालगायत अधिकांश काव्यात्मक कृतिहरूमा नियतिको प्रभाव रहेको पाइन्छ । प्रस्तुत लेख उनका फुटकर रचनाहरूमा आधारित छ । लगभग १२० ओटा कविताहरूमध्ये सबै कविताहरूमा नियतिको प्रभाव परेको देखिँदैन तर अधिकांश कविताहरू नियतिवादी चिन्तनबाट प्रभावित छन् । प्रस्तुत लेखमा पूर्वीय दर्शनमा आधारित नियतिवादलाई मूल विषय बनाई उनका फुटकर कवितामा नियतिवादको प्रभावलाई प्रस्तुत गरिएको छ ।

पूर्वीय दर्शनमा ईश्वरीय सत्ता र परलोकप्रति विश्वास नगर्ने दर्शनहरू पनि छन् जसलाई नास्तिक दर्शन भन्ने गरिन्छ । दर्शनका यी मुख्य दुई शाखाहरूमध्ये आस्तिक दर्शनअन्तर्गत सांख्य, योग, न्याय, वैशेषिक, मीमांसा र वेदान्त दर्शन पर्दछन् । यी दर्शनलाई षड्दर्शन पनि भनिन्छ । षड्दर्शनमा आत्मा, परमात्मा, कर्मवाद, सुख, दुःख, बन्धन, ज्ञान, अज्ञान, जन्म, पुनर्जन्म, मोक्ष, अहङ्कार, अणु, परमाणु, सृष्टि, जगत्, प्रकृति, पुरुष, ईश्वर, ब्रह्म, माया, सत्, चित्, योग, समाधि, नियति आदि विषयहरू समाविष्ट छन् । दर्शनका बेग्लाबेग्लै सम्प्रदायमा यिनै विषयमाथि आ-आफ्ना तर्कवितर्कहरू रहेका छन् । यिनै दार्शनिक विषयहरूको प्रभाव नै लेखनाथका फुटकर कविताहरूको प्रमुख उपलब्धि हो तर यी सबै विषयमा केन्द्रित रहँदा लेख लामो हुने भएकाले यहाँ उनका फुटकर कवितामा नियतिमा मात्र केन्द्रित भई कविताहरूको विश्लेषण गरिएको छ । लेखनाथका कवितामा नियतिसम्बन्धी विषयवस्तुले काव्यात्मक सौन्दर्यलाई कसरी प्रस्तुत गरेको छ भन्ने विषयको खोजी गर्नु यस लेखको समाधेय विषय हो । यस लेखमा पूर्वअध्येताहरूका आधिकारिक, अनुसन्धानात्मक, शोध्यसामग्रीलाई पूर्वकार्यका रूपमा अध्ययन गरी सोअध्ययनबाट प्राप्त भएको अनुसन्धानको मूल समस्यामा केन्द्रित भई समाधान पहिल्याउने प्रयत्न गरिएको छ ।

## समस्या कथन

लेखनाथ पौड्यालले आफ्ना कवितामा नियतिवादी चिन्तनलाई कसरी प्रस्तुत गरेका छन् ? अथवा नियतिवादी चिन्तनका माध्यमबाट उनका कवितामा पर्न सक्ने सौन्दर्यात्मक अनुभूति कस्तो रहेको छ भन्ने मूल समस्यालाई यस लेखमा प्रस्तुत गरिएको छ । उनका अधिकांश फुटकर कवितामा नियतिको गहन प्रभाव देखिन्छ । नियतिसँग सम्बन्धित प्रस्तुत लेखमा उल्लिखित समस्याकथनलाई निम्न बुँदाहरूमा प्रस्तुत गर्न सकिन्छ :

क) लेखनाथका कवितामा नियतिवादी चिन्तन के कस्तो रहेको छ ?

ख) नियतिवादी चिन्तनले लेखनाथका कवितामा के कस्तो काव्यात्मक सौन्दर्य प्रस्तुत गरेको छ ?

## उद्देश्य

पौडेलका कवितामा नियतिवादी चिन्तनको खोजी गर्नु नै यस लेखको मूल उद्देश्य हो । पौडेलले नियतिवादी चिन्तनमा केन्द्रित रहेर आफ्ना रचनाहरूमा के कस्तो सौन्दर्यात्मक अनुभूति प्रस्तुत गरेका छन् भन्ने समाधेय विषयमा यो लेख केन्द्रित रहेको छ वा नियतिवादी चिन्तनका माध्यमबाट उनका कवितामा पर्न सक्ने सौन्दर्यात्मक अनुभूतिलाई केलाउनु यस लेखको उद्देश्य हो । प्रस्तुत लेखमा उल्लिखित शोध्य समस्याकथनमा केन्द्रित रहेर यसको समाधान केलाउने प्रयत्न गरिएको छ । यस लेखका उद्देश्यलाई निम्न बुँदाहरूका आधारमा प्रस्तुत गर्न सकिन्छ :

क) लेखनाथका कवितामा नियतिवादी चिन्तनको खोजी गर्नु,

ख) नियतिवादी चिन्तनले लेखनाथका कवितामा पारेको काव्यात्मक सौन्दर्यको निरूपण प्रस्तुत गर्नु ।

प्रस्तुत लेख शोध्यसमस्याको प्रामाणिक समाधानका निम्ति वस्तुपरक सामग्रीहरूको अध्ययन गर्नु आवश्यक छ।

प्रस्तुत लेखका लागि आवश्यक सामग्रीहरू पुस्तकालयीय अध्ययनबाट सङ्कलन गरिएको छ । पुस्तकालयीय कार्यबाट प्राप्त सामग्रीलाई व्यवस्थापन गरी यसको विश्लेषणमा व्याख्यात्मक र विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ ।

## छलफल र व्याख्या विश्लेषण

प्रस्तुत लेख लेखनाथका कवितामा नियतिसँग सम्बन्धित प्रमाणित आधारहरूको खोजीमा केन्द्रित रहेको छ । पूर्वीय षड्दर्शनसँग सम्बन्धित नियति चिन्तनले लेखनाथको कवितालाई कुनै न कुनै रूपमा प्रभाव पारेका प्रशस्त प्रमाणहरू प्राप्त गर्न सकिन्छ । लेखनाथका कवितांशहरूको व्याख्या तथा विश्लेषणबाट नियति चिन्तनको खोजी गरिएको छ ।

## लेखनाथका कवितामा नियति

लेखनाथ पौड्यालका कविताहरूमा पूर्वीय दर्शनको नियतिवादी चिन्तनको प्रयोग पाइन्छ । लेखन यात्राको प्रारम्भिक अवस्थादेखि नै उनले नियतिलाई आफ्ना कविताहरूमा प्रयोग गर्दै आएकाले लेखनाथ भाग्यवादी प्रवृत्तिप्रति विश्वास राख्ने कवि हुन् । उनका कतिपय कविताका पङ्क्तिहरूमा कर्मवादी अभिव्यक्ति उत्तिकै सशक्त बनेर आएका छन् । भाग्यवाद र कर्मवाद एक आपसमा विपरीत विषय हुन् तर कविले कर्मवादलाई भन्दा भाग्यवादलाई फुटकर कविताको मूल प्रवृत्ति बनाएका छन् । कविभित्रको भाग्यवादी प्रवृत्ति कविताका पङ्क्तिहरूमा सहज ढङ्गले अभिव्यक्त भएको छ ।

भाग्यवाद लेखनाथको पूर्वीय दर्शनप्रतिको विश्वास हो । भाग्यवादले पूर्वजन्मलाई समेत स्वीकार गर्दछ भने पुनर्जन्मप्रति पनि विश्वास राख्दछ । पहिलो जन्ममा गरिएका कर्महरूको फल यस जन्ममा भोग्नु पर्दछ भन्ने पूर्वीय दर्शनको अभिमतलाई लेखनाथका कविताहरूले अनुसरण गरेका छन् । कतिपय कविताहरूमा कवि निकै दार्शनिक बनेका छन् भने कपिय कविताहरूमा चाहिँ भाग्यवादी प्रवृत्तिको बीजारोपणमात्र गरेर पूर्वीय दर्शनप्रतिको मोहलाई निरन्तरता दिएका छन् । कविका फुटकर रचनाभित्र नियतिको केकस्तो प्रभाव रहेको छ भन्ने विषयलाई विभिन्न शीर्षक र उपशीर्षकहरूका माध्यमबाट यहाँ प्रस्ट पारिएको छ ।

## शीर्षकमा नियतिवादको प्रभाव

कवि लेखनाथका कविताभित्रका अधिकांश प्रसङ्गहरूमा नियतिवादको प्रभाव रहेको पाइन्छ । शीर्षकभित्र चाहिँ नियतिलाई बुझाउने शाब्दिक रूप पाइँदैन । शीर्षकमा नियतिलाई बुझाउने कुनै अभिधात्मक, लाक्षणिक वा व्यञ्जनात्मक शब्दहरू नभए पनि अधिकांश कवितामा कुनै न कुनै रूपमा नियतिको प्रभाव परेकै छ । समग्र कविताभित्र लेखनाथ बढी नियतिवादतिरै झुकेका छन् । शीर्षकमा नियतिवादी चिन्तन नपाइनु तर विषयमा

नियतिको बढी प्रभाव देखिनु पनि लेखनाथको लेखकीय विशेषता हो । नियतिवादसम्बन्धी विस्तृत चर्चा कविताको विषयगत विश्लेषणमा गरिएको छ ।

## विषयवस्तुमा अन्तर्निहित नियतिवादी चिन्तन

प्रारब्धका कारण प्राणीले कर्मको फल भोग्नुपर्दछ र सांसारिक सुखदु:खको बन्धनमा परेर प्राणी नियतिको कर्मरेखाभन्दा बाहिर जान सक्दैन भन्ने व्यावहारिक विश्वास समाजमा विद्यमान छ। पूर्वजन्ममा जस्तो कर्म गरेको छ त्यस्तै कर्मको फल भोग्नु पर्छ । पौराणिक ग्रन्थहरूमा पनि यस्ता थुप्रै उदाहरणहरू पाइन्छन् । रामायणमा रामले चौध वर्षसम्म वनबास जानुपर्ने बाध्यता, कृष्णले सिकारीको हातबाट मारिनु पर्ने आदि घटनाहरू नियतिसँगै सम्बन्धित छन् ।

लेखनाथ पौड्यालले आफ्ना कविताहरूमा नियति वा भाग्यवादप्रति विश्वास राखेका छन् । उनका अधिकांश कविताहरूमा नियतिसम्बन्धी विचारहरू प्रस्तुत छन् । कविको लेखनयात्राको प्रारम्भिक कालदेखि नै लेखनाथका कविताहरू नियतिवादबाट प्रभावित छन् । वि.सं. १९६९ सालमा प्रकाशित 'कविकवितालाप' शीर्षकको कवितामा स्वयम् कविता अभागिनी रहेको प्रसङ्ग उल्लेख छ । कविले कविताका निम्ति रातभरि प्रतीक्षा गरेको तर कविता कविसामु उपस्थित नभएपछि कविताले कविलाई धोका दिएको उत्तरमा भाग्यवादको चर्चा गरेका छन् । कविताका अनुसार कविमा प्रवेश गर्न नसक्ने मूल कारण कविताको कर्म नै अभागी रहेको प्रसङ्ग उल्लेख छ । यसै विषयलाई कविले यसरी प्रस्तुत गरेका छन् :

**गर तिमी आफनु काम नलेऊ बाबु ! कसुरको नाम**
**मेरै कर्म अभागी बुझेर दबिन्‍ने कुना लागी ।** (कविकवितालाप, श्लोक ४)

कविता आफ्नै कर्म अभागी जानेर ऊ कुना पसेको छ । कविता अभागी नभइदिएको भए कुना पसेर दबिनु पर्ने थिएन । कुनै कारणले प्रारब्धको फल भोगिरहेछु भन्ने कविताको भनाइबाट भाग्यबिना केही सम्भव छैन भन्ने बुझिन्छ । यस अभिव्यक्तिबाट प्रारम्भिक चरणदेखि नै कविमा भाग्यवादको प्रभाव रहेको पाइन्छ । भाग्य कुनै पनि प्राणीको नियन्त्रणमा हुँदैन । सबै प्राणी आफ्नो इच्छानुसार काम गर्न सक्दैनन् । काम गरिहाले पनि भाग्यभन्दा बाहिर रहेर त्यसको प्रतिफल प्राप्त हुँदैन । यसको मूल कारण प्रारब्धको परिणाम हो भन्ने अभिव्यक्तिबाट कवि भाग्यवादी चिन्तनमा विश्वास राख्ने स्रष्टा देखिएका छन् ।

कवि लेखनाथले ईश्वरको स्तुति गाउने सन्दर्भमा पनि भाग्यवादको चर्चा गरेका छन् । ईश्वर सर्वशक्तिसम्पन्न यस संसारको नियन्ता हो । प्रभु नै प्राणीहरूका भाग्यनिर्माता हुन् । प्रभुको कारणले नै हाम्रो भाग्य निर्धारण हुन्छ । प्रारब्धमा गरेका कर्मका आधारमा भाग्य निर्धारण गरिने भएकाले जीवन प्राणीले सोचेजस्तो बन्न सक्दैन । आफूले सोचेजस्तो जीवन बन्न नसक्नु नै भाग्यको खेल हो । प्रारब्ध सबैले भोग्नुपर्छ । सामान्य जीवमात्र नभएर सांसारिक विषयभोगले स्पर्श गरेका रामायणका आदर्श रामचन्द्र पनि पूर्वजन्मको फल भोग्न चौध वर्ष वनबास जानुपरेको घटना 'नैतिक दृष्टान्त' कवितामा वर्णित छ । यही प्रसङ्गलाई कवि यसरी प्रस्तुत गर्छन् :

**मेटिँदैन कसैबाट आफनु कर्म-पद्धति**
**वनवासी बने राम चौध भुवनका पति ।** (नैतिक दृष्टान्त, श्लोक १५)

कर्म-पद्धति वा प्रारब्धको गतिलाई कसैले पनि मेट्न सक्दैन । यसै कारण रामचन्द्रजस्ता चौध लोकका अधिपतिले पनि वनबास जानुपर्‍यो । यो उनको प्रारब्धको फल हो । यसलाई स्वयं रामचन्द्रले समेत भोग्नुपरेको छ । त्यसैले प्रारब्धबाट कोही पनि बच्न सक्दैन ।

पिञ्जरा सांसारिक बन्धन हो । सुगा बन्धन वा पिञ्जरामा पर्नुको कारण पनि पूर्वजन्मको फल हो भन्ने तर्क लेखनाथले प्रस्तुत गरेका छन् । जङ्गलमा स्वतन्त्र भएर उड्ने सुगा किन पिञ्जरामा पर्नुपऱ्यो ? यसको कारण पनि प्रारब्ध नै हो । सुगा पिञ्जराभित्र व्याकुल बनेको छ । उसले आफ्ना आमा, बाबु, बन्धुबान्धवलाई सम्झेर मनको पीडासमेत पोख्न नपाएको गुनासो गरेको छ । ऊ निरन्तर आँसु बगाएर रोएको छ । कहिले मूर्च्छा परेको छ भने कहिले पागलसरि उफ्रेर जङ्गलको स्वतन्त्र जीवन सम्झिरहेको छ । जङ्गलमा हुँदा स्वतन्त्र भएर फलफूल खाँदै खुल्ला आकाशमा उड्ने सुगा पिञ्जराभित्र पर्नुको कारण विधिकै खेल हो । कर्ममा नै यस्तै लेखेको रहेछ भनेर आफ्नो कर्म-पद्धतिलाई विचित्र मानेको प्रसङ्ग लेखनाथले 'पिँजराको सुगा' कवितामा यसरी प्रस्तुत गरेका छन् :

**फलफुल खाई नित्य रमाई**
**वनमा फिरने विचरालाई**
**विधिले पाऱ्यो पिँजराभित्र**
**कर्म हरे ! शिव हुन्छ विचित्र ।** (पिँजराको सुगा, श्लोक ४)

सुगाको कर्म नै पिञ्जरामा बस्नुपर्ने रहेको र यो कर्मको विचित्रतालाई कसैले पनि बुझ्न नसक्ने अभिव्यक्ति माथिको कवितांशबाट स्पष्ट हुन्छ । पिञ्जरामा पसेर उसले आफ्नो इच्छाअनुसार काम गर्न पाएको छैन । कहिले सुगाले हिउँदको जाडो सहेको छ भने कहिले ग्रीष्म ऋतुको टन्टलापुर घाम सहनुपरेको छ । जस्तोसुकै मौसम भए पनि उसलाई पिञ्जरामा राख्ने मालिकका सन्तानको इच्छाबमोजिम सुगाले बोल्नुपर्छ । कहिले धेरै नै बकबक गर्नुपर्छ भने कहिले चुप लागेर बस्नुपर्छ । यो सबै पूर्वजन्मको फल हो । आज त्यही भाग्यतमासा हेरिरहेछु भनी सुगाले गरेको बिलौनालाई कविले यसरी प्रस्तुत गरेका छन् :

**कहिले ठण्डी कहिले धूप**
**कहिले बकबक कहिले चुप**
**बालकहरूको मनअनुसार**
**हुन्छ निरन्तर भाग्य-विचार ।**(पिंजराको सुगा, श्लोक १२)

संहितामा उल्लेख भएअनुसार दुष्ट कर्म गर्नेलाई वैदिक ऋषिहरू घृणा गर्दछन् र असल काम गर्नेहरूलाई पुरस्कार दिने देवताहरू धृतवत्, नासत्या, सत्यपरायण, सत्यधर्मा, सत्कर्मपालक, सुरुप कुत्स्न, शुभस्पति, धियस्पति, धर्मरक्षक र विश्वस्यकर्मण धर्ता कहलाउँछन् । यी देवताहरूले सबै कर्महरूको आधार र शुभाशुभ कर्महरू देख्ने साथै सोहीअनुरूप दण्ड र पुरस्कार दिने गर्दछन् भन्ने कुरा उल्लेख गरिएको छ । (भट्ट, २०४०पृ. १६२) कर्मफल हरेक प्राणीले भोग्नुपर्छ । यही प्रसङ्गलाई 'ईश्वर महिमा' कवितामा कविले सम्पत्ति कमाउनु भनेको भाग्यमा भर पर्ने हो भनेका छन् । संसारका सबै मानिसहरूको आर्थिक अवस्था एउटै देखिँदैन । कोही सुखसयलमा मस्त छन् भने कसैले अनेकौँ दुर्गति झेल्नुपरेको छ । यही अवस्थालाई कविले यसरी वर्णन गरेका छन् :

**यथार्थमा भाग्य अभाग्य सम्पति**
**विपत्ति भन्ने सब सृष्टि-पद्धति ।** (ईश्वर महिमा, श्लोक ४७)

सांसारिक विषयभोगमा लागेका सबैलाई धनसम्पत्तिप्रतिको मोह हुनु स्वाभाविकै हो तर सबैले आफूले चाहेजस्तो सम्पत्ति कमाउन सकेका छैनन् । कोही विलासी जीवन भोगिरहेका छन् भने कोही विपत्तिमा बाँचिरहेका छन् । यो भाग्यकै खेल हो । प्रारब्धको कर्मको फल नभइदिएको भए सबैको एकैखाले उन्नति हुने थियो । सबैले चाहेजस्तो जीवन बिताउन पाउँथे तर समाजमा समानता देखिँदैन । यो सबै नियतिकै खेल हो । नियतिविपरीत जीवन चलाउन सम्भव छैन भन्ने प्रसङ्गलाई माथिको कविताले पुष्टि गरको छ ।

हरेक प्राणीहरूमा मात्र होइन, प्रकृतिमा पनि नियतिको खेल रहन्छ । सूर्य दिउँसो जतिसुकै प्रचण्ड बने

पनि बेलुकीपख मलिन हुँदै जान्छ । चन्द्रमाले पनि औँसीको रातमा आफ्नो प्रकाश छर्न सक्दैन । यो सबै प्राकृतिक नियम हो । प्रकृतिको नियम स्वयम् नियति बन्न सक्छ । प्रकृतिका हरेक पदार्थमा नियतिको खेल रहन्छ भन्ने विषयलाई नै कवि लेखनाथले 'सन्ध्या' कवितामार्फत् प्रस्तुत गरेका छन् । सन्ध्या हुनासाथ कमलिनी दिक्क भएर मुर्झाउन थाल्छ भने उता कैरविणी मुसुक्क मुस्कुराउन थाल्छ । एकैछिनको परिवर्तनमा धर्तीका पदार्थहरूमा पनि परिवर्तन आउनु प्राकृतिक नियतिकै खेल हो अथवा दैवगतिको महिमा हो भन्ने सन्दर्भलाई लेखनाथले यसरी प्रस्तुत गरेका छन् :

**यस्ती यता कमलिनी यतिसम्म दिक्क**
**हाँसी उता सरस कैरविणी मुसुक्क**
**एकै तडागबिच ऊलटफेर यस्तो**
**देख्यौ कि ? दैवगतिको महिमा छ कस्तो ।**(सन्ध्या, श्लोक १४)

प्रकृति आफैँ स्वतन्त्र छ तर पनि प्राकृतिक नियम विपरीत प्रकृतिका पदार्थहरू पनि सञ्चालित छैनन् । यो आफैमा एक नियति हो । अग्लो शिखरमा हिउँ पर्छ तर शिखर जस्ताको तस्तै हुन्छ । त्यसमाथि पर्ने हिउँचाहिँ पग्लिन्छ । तातो भएपछि हिउँ पग्लिनु उसको स्वभाव हो तर त्यो स्वभावमात्र नभएर प्राकृतिक नियम हो । हिउँले आफूलाई कमजोर सम्झिँदै आफू नियतिका कारण पग्लिनु परेको बाध्यता पर्वतराजसँग प्रस्तुत गरेको प्रसङ्ग 'हिमव्यथा' कवितामा उल्लेख छ । हिउँले आफ्नो व्यथालाई पर्वतराजसामु यसरी पोखेको छ :

**मेरो उद्‌भवहेतु केवल तिमी तिम्रो म साखै प्रिय**
**यै नैसर्गिक तारतम्य वशले बस्थैं भई तन्मय**
**प्यारा पर्वतराज ! आज विधिले पारीदियौ भिन्नता**
**उस्तै छौ तिमी उच्च किन्तु म भएँ सानु हुँदा बेपता ।** (हिमव्यथा, श्लोक ८)

हिउँ उद्‌भव हुनुको मूल कारण उच्च पर्वत नै हो । उच्च पर्वतको महत्त्व पनि हिउँ पर्नाले मात्र हुन्छ । प्राकृतिक नियमले नै पर्वतको टुप्पामा हिउँ विराजमान भएर आफ्नो महिमा दर्साइरहेको हुन्छ तर नियति भनौँ या प्राकृतिक नियम हिउँले तातो भएपछि अवश्य पग्लिनु पर्छ । आफू पग्लेको अवस्थालाई हिउँले व्यथा मानेको छ । त्यसैले विधिका वशमा परेर हिउँ पग्लिएको अवस्थालाई कविले बडो मार्मिक र दार्शनिक रूपमा प्रस्तुत गरेका छन् । प्रकृतिलाई मानवीकरण गरेर वर्णन गर्न सिपालु लेखनाथले प्रकृतिको वर्णन गर्ने सन्दर्भमा प्रकृतिलाई मानवीय स्वभावसँग तादात्म्य गरेका छन् ।

पूर्वजन्मको शुभाशुभ कर्मको कारण यो जुनीमा प्राणीहरू आ-आफ्ना शरीर धारण र सुखदुःखको उपभोग गर्दछन् । त्यस्तै यस जन्मको शुभ र अशुभ कर्मबाट आगामी जन्ममा त्यस्तै फलभोग गर्दछन् । वैदिक संहितामा पूर्वजन्मको पापबाट छुट्नका लागि प्रार्थना गरिएको पाइन्छ (भट्ट, २०४० पृ. १६२) भनी अनुसन्धानहरूले प्रस्ट पारेका छन् । 'गौँथलीको चिरिबिरी १' कविता लेखनाथको निकै दार्शनिक रचना मानिन्छ । गौँथली बसेको घर १९९० सालको भूकम्पले भत्काएपछि अर्को नभत्किएको घरमा आश्रय लिन गएको गौँथलीदेखि घरमुली रिसाएपछि गौँथलीले घरमुलीलाई दिएको उपदेश निकै मार्मिक र दर्शनमा आधारित छ । यी सारा सम्पत्ति हामी कसैका पनि नभएर यसलाई सञ्चालन गर्ने कर्तामात्र हौँ भन्ने उपदेश नै गौँथलीको प्रमुख दार्शनिक पक्ष हो । अर्कै घरमा बसेको गौँथली र घर नभत्किएको घरमुलीबिच भेट हुनुको मूल कारण पूर्वजन्मको कर्मको खेल हो । यो सारा सृष्टि विधाताको हो र नियतिले हामीलाई जे गराउँछ त्यही भोग्नु पर्छ भन्ने अभिव्यक्ति गौँथलीबाट प्रस्ट भएको छ । यही सन्दर्भलाई कविले यसरी प्रस्तुत गरेका छन् :

**कदाचित् यो तिम्रो भवन चकनाचूर पहिले**
**हुँदो हो ता हुन्थ्यो कसरी किन यो भेट अहिले**
**दया राख्यो भारी सदय विधिले सङ्गत भयो**
**सुन्यौ मेरो सानू चिरिबिरि सबै पाठ पढ यो ।**(गौँथलीको चिरिबिरी १, श्लोक १४)

माथिको अभिव्यक्तिबाट के बुभिन्छ भने गौँथली बसेको पहिलेको घर भत्किनु, अहिले बस्न आएको घर नभत्किनु नै गौँथली र घरमुलीका बिच भेटहुने लेखान्त थियो । यही लेखान्तकै कारण यी दुईका बिच भेट भएको छ । यस भेटलाई गौँथलीले विधिको सङ्गत मानेको छ । त्यसैले विधि वा नियतिविपरीत कुनै पनि काम नहुने तर्क गौँथलीले प्रस्तुत गरेको छ । यस आधारमा पनि कवि लेखनाथ नियतिवादी स्रष्टा हुन् भन्ने प्रमाण मिल्छ । त्यसैगरी ' गौँथलीको चिरिबिरी २' कवितामा पनि नियतिको विषयलाई गौँथलीले प्रस्ट पारेको छ । घरमालिकलाई सम्भाउने क्रममा गौँथलीले घर सम्पत्ति मेरो भनेर घमण्ड नगर्न सल्लाह दिएको छ । यही घरलाई अघिका कतिले मेरो भने तर ती पनि मरेर गए । अहिले तिमी मेरो घर भन्दैछौ । तिम्रो शेषपछि यो घर अर्कैले उपभोग गर्ने छ । त्यसपछि पनि यो क्रम निरन्तर जारिरहने छ । भाग्यवश अहिले यो घर हामी बस्ने बास बनेको छ भन्दै घरमालिकलाई सम्भाइरहेको प्रसङ्ग पनि कविले प्रस्तुत गरेका छन् । गौँथली र घरमालिकको भेट हुनुमा पूर्वजन्मको कुनै कारण हुनुपर्ने तथ्य लेखकको आन्तरिक विचार हो । यही विषयलाई पौड्यालले यसरी प्रस्तुत गरेका छन् :

**अघि कति भन्थे यै घर मेरो,**
**कतिकति घस्थे रङ्ग कमेरो ।**
**अब सब तिनको नाता पर भो**
**विधि-वश अहिले हाम्रो घर भो ॥** (गौँथलीको चिरिबिरी २, श्लोक ६)

भौतिक सम्पत्ति कसैको स्थायी हुँदैन । मानिसको जीवन नै अस्थायी छ भने सम्पत्ति स्थायी हुने विषय नै भएन । त्यसैले यो घरमा तिमीअघि पनि अनेकौँ पुस्ताहरू मेरो घर भन्दै बसेका थिए र कतिले आफ्नो सम्भेर रङ, कमेरो लगाएका थिए तर ती आज कोही पनि छैनन् । उनीहरूले सिर्जना गरेको घर आजसम्म छ । यो घर पनि नाशवान् छ जसरी भूकम्पले अरू घरहरू बिग्रिए त्यसैगरी यो घर पनि बिग्रिन सक्छ भन्दै गौँथलीले घरमालिक र गौँथलीको भेटलाई भाग्यको खेल सम्भेको छ । यही भावना नै नियति हो । नियतिले जे गर्छ मानिस वा हरेक प्राणीहरू त्यही अवस्था भोगिरहेछन् भन्ने सन्दर्भ नै माथिको कवितांशको मूल आशय हो । यी माथिका अभिव्यक्तिहरूले लेखनाथलाई भाग्यवादी वा नियतिवादी कविका रूपमा चिनाएका छन् ।

पूर्वीय आस्तिक दर्शनले ईश्वरीय सत्तालाई स्विकारेको छ । ईश्वरीय सत्ता स्विकार्नेहरू भक्ति दर्शनमा बढी विश्वास राख्दछन् । कुनै पनि आफ्ना आराध्यदेव/इष्टदेवको आराधना, वन्दना, उपासना, तपस्या आदि गर्नाले भाग्य सप्रिन्छ र जीवनमा सौभाग्य थपिन्छ भन्ने विश्वास रहेको देखिन्छ । भक्ति कर्म हो भने त्यसबाट प्राप्त हुने फल नियति हो । आध्यात्मिक दृष्टिले ईश्वरको उपासना गर्दा भक्तले अर्को जन्ममा सुखसमृद्धि पाउँछ । यो नै प्रारब्ध हो । त्यसैले पछिल्लो जन्मका लागि पूर्वजन्ममा नै सत्कर्म गर्नुपर्छ र त्यसपछिका जन्महरूमा शुभकर्मको फल भोग्न पाइन्छ भन्ने चिन्तनबाट प्रारब्ध वा नियतिप्रतिको विश्वास स्पष्ट हुन्छ । कवि लेखनाथले 'शिव समाधि' कविताको शीर्षकमा यही भाव भल्किने किसिमको कवितांश प्रस्तुत गरेका छन् । कविका अनुसार गौरीजस्तै एकचित्त भएर शिवको आराधना गर्ने व्यक्तिको जन्म भाग्यमानी हुनेछ । यसको अर्थ शिवको उपासना गर्नाले शिवबाट कुनै वरदान प्राप्त हुनेछ र कर्ताले गरेको शुभकर्मको फल भोग्न पाउने छ नत्र शिवको वरदान पाइने छैन र जीवन पनि असफल वा भाग्यविहीन हुनेछ भन्ने भाव यस कविताको मूल आशय हो । यस प्रसङ्गलाई कविले यसरी प्रस्तुत गरेका छन् :

**विश्वव्यापी उज्याला हृदय-कुहरको केन्द्रमा चैत्य-चित्य**
**एकै पारी मिलाई चिति-जलनिधिमा भै स्वयं एक छत्त**
**पूर्णाऽऽनन्द-प्रकाश-स्थित शिव भगवान् भक्तिको वश्य जानी**
**गौरी झैँ भक्ति गर्ला जुन जन उसको जन्म हो भाग्यमानी ।** (शिव समाधि, श्लोक २)

शिवलाई प्राप्त गर्नका निम्ति गौरीले ठुलो तपस्या गर्नु परेको थियो । गौरीको तपस्याले प्रसन्न भएर शिवले गौरीलाई वरदान दिएका थिए । त्यसपछि गौरीको भाग्य सप्रिएको थियो या गौरी भाग्यमानी बनेकी थिइन् । सोहीअनुरूप यदि कसैले शिवको उपासना गऱ्यो भने उसको पनि भाग्य सप्रिनेछ र शिवको वरदानले जीवन सफल हुनेछ भन्ने विचार भाग्यसँग सम्बन्धित छ । यद्यपि यस कवितांशले कर्मप्रति पनि उन्मुख गराएको देखिन्छ तर कर्म गरिसकेपछि पाइने फल आफ्नो नियन्त्रणमा छैन । जस्तो कर्म गऱ्यो त्यस्तै नियति बन्दछ । त्यो नियन्ता हाम्रो नियन्त्रणभन्दा नितान्त बेग्लै छ र विधिको विधान प्राणीले जे भोग्नुपर्ने हो त्यसलाई लिखित गर्ने काम नियन्ताले गर्दछ । नियन्ताको लेखान्त अवश्य पनि प्राणीहरूले भोग्नु पर्छ भन्ने भाव नै माथिको कवितांशको आशय हो ।

पौराणिक ग्रन्थहरूमा उल्लेख भएबमोजिम महाकाली (दुर्गा) देवीले शुम्भ निशुम्भ नाम गरेका राक्षसहरूको छातीमा कुल्चेर आफ्नो शक्तिद्वारा विनाश गरेको प्रसङ्ग पाइन्छ । कुनै पनि देवी देवताहरूले उक्त दुई राक्षसहरूलाई नियन्त्रण गर्न नसकेपछि महाकालीको आराधना गरी देवी प्रकट भएर त्यस्ता राक्षसहरूको विनाश गरेको पौराणिक प्रसङ्ग छ । विष्णु, शिवजस्ता शक्तिशाली पात्रहरूले गर्न नसकेको काम महाकालीले सहजै रूपमा गर्न सक्नु भनेको नियतिकै खेल हो । यी पात्रहरूको विनाश महाकालीकै हातबाट हुने नियति थियो भन्ने स्पष्ट हुन्छ । यही विषयलाई कवि लेखनाथले 'महाकाली' शीर्षकको कवितामा यसरी प्रस्तुत गरेका छन् :

**दन्केको त्यो श्मशानाऽनल-नगिच महारौद्र अट्टाऽट्टहास**
**गर्दै भर्दै त्यसैले गगन-कुहर वा शून्य विश्वाऽवकास**
**उत्तानू भै लडेको अचल उसमहाकालको छातिमाथि**
**कुल्ची सारा समेटी नियतिमय कुनै कोषमा जीव-जाति ।**(महाकाली, श्लोक १)

त्यो अग्निसमान अट्टाहास हाँसो भएको शून्य आकाशलाई नै ढाकेर उत्तानो भई लडेको अचल उस महाकालको छातीमाथि महाकालीले कुल्चिन् । मानौँ यो घटना भाग्यवश महाकालीले नै गर्नुपर्ने थियो । त्यसैले अरू देवीदेवताको हातबाट ती राक्षसहरूको विनाश हुन सकेको थिएन । यही अभिव्यक्तिका आधारमा कवि लेखनाथ नियतिवादतिर झुकाव राख्ने कवि हुन् भन्ने बुझिन्छ ।

मानिस आफ्नो प्रारब्ध कर्मले जन्मिने र मर्ने गर्दछ । उसले जीवित अवस्थामा गरेका हरेक कामहरू पनि नियतिकै खेल हुन् । कुनै काम, घटना वा परिणाम नभइनहुने कारणका कार्य हुन् जसको नियामक हामी हुनै सक्दैनौँ र त्यही तत्त्व परमतत्त्व हो भन्ने आध्यात्मिक दृष्टिकोण पूर्वीय दर्शनको मान्यता हो । **'यस्माच, येन च.......विधातृवशादुवैति'** (हितोपदेश) मानिसले भोग्ने जे जति शुभाशुभ कर्महरू छन् ती सबै विधि वा नियतिको वशबाट हुन्छन् । (चालिसे, २०६६ : पृ. ७७-७८) यो जीवन पनि विधिकै कारण सञ्चालित छ । विधि वा नियतिभन्दा भिन्न भएर हामी काम गर्न सक्दैनौँ । यसै विषयलाई कवि लेखनाथले 'जीवन-चङ्गा' कवितामा प्रस्तुत गरेका छन् । चङ्गा नितान्त भौतिक अचेतन जड पदार्थ हो तर कविले जीवनलाई चङ्गामा आरोप गरी रूपक अलङ्कारका माध्यमबाट मानवीय जीवनलाई चिनाउने प्रयत्न गरेका छन् । चङ्गा पनि आफ्नो नियन्त्रणमा छैन । लटाइ समाउने व्यक्तिले धागो छोट्याउँदा चङ्गा तल झर्छ भने धागो छोड्दा माथितिर आकासिन्छ । धागो छोड्ने बित्तिकै पनि चङ्गा माथि उड्न सक्दैन, त्यसमा हावाको भूमिका बेग्लै हुन्छ । त्यसरी नै हाम्रो जीवन पनि हामीले चाहेजस्तो चल्न सक्दैन । जस्तो पूर्वजन्मको कर्मफल लिएर आएको हुन्छ सोहीअनुरूप जीवन भोग्दछ । आकाशमा

उडिरहेको चङ्गा कहिले सुलुलुलु बटारिँदै आकाशतिर जान्छ भने कहिले अरू चङ्गाहरूसँग लठारिन्छ । यो उसको नियतिको फल हो । यही विषयलाई कवि यसरी प्रस्तुत गर्दछन् :

**कहिले भुजङ्ग जस्तै सुलुलुलु बग्दै बटारिन्छ**
**कहिले विधिवश बिचमा अरुअरुसँग लटारिन्छ ।** (जीवन-चङ्गा, श्लोक १३)

चङ्गाको उडान एकै किसिमको छैन । हाम्रो जीवन पनि एकै किसिमको हुँदैन । चङ्गा बिचमा अरू चङ्गासँग लठारिए झैँ हाम्रो जीवनमा पनि अनेकौँ बाधाहरू आउँछन् । चङ्गा लठारिनु उसको जीवनमा आउने समस्याहरू हुन् । यी समस्या उसले सिर्जना गरेका होइनन् । मानिसहरूमा आइपर्ने अनेकौँ कठिनाइहरू पनि मानिसले आफै सिर्जना गरेका होइनन् ; ती पूर्वजन्ममा गरिएका कर्मफलहरू हुन् । जीवन मानिसले सोचेजस्तो बन्न सक्दैन । जे हुनु थियो त्यो भएरै छाड्छ । चङ्गा बिचमा अरू चङ्गासित लठारिनु नै थियो । यसलाई कसैले पनि रोक्न सक्दैनथ्यो । मानिसको जीवन पनि कसैको नियन्त्रणमा छ र हामी जे भोगिरहेका छौँ त्यो पूर्वजन्मकै लेखान्त हो भन्ने भाव माथिको कवितांशबाट स्पष्ट हुन्छ ।

वैदिक संहितामा राम्रो आचरण गर्ने जीवहरू ब्राह्मणादि योनिमा र नराम्रो आचरण गर्नेहरू कुकुर, सुँगुर आदि निम्नकोटिका योनि तथा वृक्षलता आदि स्थावर योनिमा प्राप्त हुन्छन् भनी उल्लेख गरिएको छ । (भट्ट,२०४० पृ:१६३) यस भनाइले पुनर्जन्मप्रतिको विश्वासलाई अझ बलियो बनाएको छ । अर्को जन्म भइसकेपछि प्राणीले भोग्ने कर्मफल नै नियति हो । ज्ञानको अहङ्कार भएका प्राणीहरू अर्को जन्ममा भिक्षुक भएर जन्मिनुपर्छ भन्ने तथ्यलाई पुष्टि गर्न लेखनाथ 'शिक्षक र भिक्षुक' कवितामा यसरी प्रस्तुत भएका छन् :

**त्यो को ? भिक्षुक हूँ, यहाँ किन पसिस् ? भिक्षा कहाँ गै गरूँ ?**
**त्यो मिल्दैन मबाट, मिल्छ अरु के ?शिक्षा लिई जा बरु ।**
**त्यो आफैँ लिनुहोस् मबाट, तँ पनी शिक्षा मलाई दिने ?**
**यस्तै गर्व थियो र पूर्वजुनिमा ऐले भिखारी बनेँ ।**(शिक्षक र भिक्षुक, श्लोक १)

भिक्षुकले शिक्षकसँग भिक्षा माग्दा शिक्षकले भिक्षा नदिएर मबाट शिक्षा लैजा । म शिक्षित हुँ भन्ने घमण्ड गरेपछि भिक्षुकले शिक्षकलाई सम्झाउँदै पूर्वजन्ममा शिक्षाको घमण्ड भएकै कारण यस जन्ममा भिक्षुक भएर हिँड्नु परेको सन्दर्भ माथिको कवितांशमा उल्लेख छ । यस अभिव्यक्तिबाट के बुझिन्छ भने घमण्डको फल आज भिक्षुक बनेर हिँड्नु परेको छ । यो प्रारब्ध हो वा भिक्षुकको नियति हो । त्यसैले मानिसले घमण्ड गर्नु हुँदैन भन्ने सन्देश कविताको मूल मर्म हो ।

आध्यात्मिक मान्यताअनुसार प्रकृतिजगत् होस् अथवा नियतिजगत् दुवैलाई कार्यकारणको शृङ्खलामा जोड्ने तत्त्व दैव वा विधि हो । (दाहाल, २०५७ पृ. ५६५) यस अभिव्यक्तिले प्रकृतिजगत्को पनि निर्णय कार्यान्वयनमा विधि अथवा नियति नै बलवान् हुने दार्शनिक आधार पाइन्छ । प्राकृतिक नियम नै प्रकृतिजगत्को नियति हो । यही सिद्धान्तलाई आधार मानी लेखनाथले 'वसन्त' कवितामा पनि प्रकृतिमा परिवर्तन देखापर्नु प्रकृतिजगत्को नियति हो भन्ने प्रमाण प्रस्तुत गरेका छन् । वसन्त ऋतुमा पुराना पातहरू हराएर नयाँ पालुवा पलाउँछन् । प्रकृति हरियालीयुक्त हुन्छ, पुष्पपरागले यत्रतत्र वासनामय वातावरण बन्दछ । यो सबै प्रकृतिजगत्को नियति हो । यही विषयलाई कविले 'वसन्त' कवितामा यसरी वर्णन गरेका छन् :

**जो थिए तरु तलाहरु नाना**
**पत्र, पुष्प फल-हीन पुराना**
**हेर आज विधिले उनमाथि**
**पालुवा जडिदियो अति जाति ।** (वसन्त, श्लोक ४)

वसन्तपूर्व फल, नभएका, फुल नफुलेका र पात नभएका वृक्षलताहरूमा वसन्त लागेपछि नयाँ पालुवा पलाएका छन् । प्रकृति सुन्दर बनेको छ । यो सबै विधिको विधान हो । यस विधिलाई कसैले पनि परिवर्तन गर्न सक्दैन । दैवको खेललाई कसैले पनि परिवर्तन गर्न नसकेजस्तै प्रकृतिजगत्को नियतिलाई पनि कसैले परिवर्तन गर्न सक्दैन भन्ने भाव माथिको कवितांशबाट स्पष्ट हुन्छ । त्यसैले नियति बलियो छ, नियतिको शक्तिलाई परिवर्तन गर्ने क्षमता कसैमा पनि रहन्न भन्दै नियतिप्रतिको झुकाव कवि लेखनाथका कवितामा अत्यधिक प्रयोग भएको पाइन्छ ।भाषा अदृश्य वस्तु हो । भाषा अमूर्त भए पनि यसले अनेकौँ पीडा, व्यथा भोगेको हुन्छ । भाषालाई दैवीकरण गरी लेखनाथले मातृभाषा बिस्तारै ओझेलमा पर्दै गएको र यसले भोगेको भोगाइलाई अनुभूत गर्दै 'सान्त्वना' कवितामा मातृभाषाले समेत नियति भोगेको प्रसङ्ग उल्लेख छ । अङ्ग्रेजी, बङ्गाली, हिन्दी, संस्कृत आदि भाषाको बाहुल्यले मातृभाषाको बिचल्ली बन्दै गएको र यस्तो अवस्थामा मातृभाषा समेत कर्मको खेलमा परेको सन्दर्भ कवितामा उल्लेख छ । यही विषयलाई कवि यसरी प्रस्तुत गर्दछन् :

**लाखौँ मानी धनी छन् फिर कविहरुको पूर्ण देखिन्छ गिन्ती**
**हे देवी ! लाउँदी छौ तिमी पनि सबका पाउमा नित्य बिन्ती ।**
**केले हो तैपनी यो दिन दिन बढदो दर्द तिम्रो छ यस्तो**
**यो देखी दङ्ग पर्छू प्रतिदिन म अहो !! कर्मको खेल कस्तो ?**
**हे देवी ! सत्य भन्छू जटिल कुदिनमा जन्म तिम्रो भएछ**
**साँचै नै भाग्य-रेखा अलिकति बिचमा खुंचिएकै रहेछ ।**
**यो केही पुर्पुराको अडचन नभएदेखि तिम्रो पुकार**
**तेसै खाली हवा भै कसरि गगनमा मिल्दथ्यो वार वार ।** (सान्त्वना, श्लोक ८, ९)

मानिसहरूको सङ्ख्या लाखौं छ तर कविहरू अथवा मातृभाषासेवीहरूको सङ्ख्या न्यून छ । मातृभाषाले आफू बच्नका लागि सबैसँग बिन्ती बिसाइरहेको छ तैपनि मातृभाषा निरन्तर खिइँदो छ । उसले अनेकौँ पीडा भोगेको छ । यो अवस्था देखेर कवि पनि छक्क परेका छन् । यो कस्तो कर्मको खेल हो अथवा यो कस्तो नियति हो भनेर कवि रनभुल्लमा परेका छन् । मातृभाषाको जन्म कुदिनमा भएको र उसको भाग्यरेखा निरन्तर खुम्चिँदै गएको कुरालाई लेखकले स्वीकार गरेका छन् । भाग्यको खेल नभइदिएको भए मातृभाषाको पुकार कसैले सुन्ने थियो । पुर्पुरो वा भाग्यमा नभएकै कारण मातृभाषाको पुकार केवल हावा भएर आकाशमा बारम्बार मिलिरहेको छ भन्ने विषयलाई मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । यी माथिका अभिव्यक्तिहरूबाट के बुझिन्छ भने मातृभाषासमेत नियतिको खेलमा परेको छ । नियतिविपरीत कोही पनि हिँड्न सक्दैन र नियति बलवान् हुन्छ भन्ने पुष्टि माथिका पङ्क्तिहरूले गरेका छन् ।

परमात्माले प्रारब्धकर्म सञ्चित कर्महरूको फल भोगका निम्ति अनेक लोक र योनिहरूको सृजना गरी तदनुसार संसारचक्रमा कर्म सिद्धान्तलाई प्रतिष्ठापन गरेको बुझिन्छ । पौराणिक ग्रन्थहरूमा कर्म सिद्धान्त र कर्म विपाकका विषयमा पर्याप्त चर्चा गरिएको छ । श्रीमद् भागवद्गीतामा पनि कर्म गतिलाई बुझ्न नसकिने कुरा उल्लेख छ । (भट्ट, २०४० पृ. १६४) नियति वा कर्मफललाई पनि तीन आधारमा वर्गीकरण गरिएको छ । उपनिषद्हरूभित्र दर्शन खोज्ने सन्दर्भमा भट्टले भाग्यरेखा वा नियतिभित्र कर्मफलको वर्गीकरण गरेका हुन् । भट्टका अनुसार :

> मनुष्य शरीर कर्मयोनि हो । यसै शरीरद्वारा गरिएका कर्मको फल नै अरू योनिमा भोग गर्नु पर्दछ । प्रत्येक क्षणमा गरिएका प्रत्येक क्रियाकलापहरू आँखाले देख्नु, सुन्नु आदि र अझ चिन्तन र मननका प्रक्रिया पनि कर्म सिद्धान्तमा पर्दछन् । जीव सुखदुःख भोगायतन रूपी शरीरद्वारा त्यही कर्मअनुसार

शुभाशुभ सुखदुःखको अनुभूति गर्छ । तदनुसार ती कर्महरू तीन थरीका बताइन्छन् - (क) सञ्चित, (ख) प्रारब्ध र (ग) क्रियमाण । सञ्चित कर्महरू ती हुन्, जो विगत जन्म-जन्मान्तरदेखि अहिलेसम्म गरिएका हुन्छन् । यी सञ्चित कर्महरूमध्येबाट ईश्वरले प्रारब्ध कर्मलाई छुट्याई तदनुसार विभिन्न देहमा जीवलाई प्रवृत्त गराउँछ । प्रारब्ध कर्महरू ती हुन्,जो यस शरीरको प्राप्ति कालदेखि फल दिन प्रारम्भ गर्दछन् । प्रारब्ध कर्मबाट बच्न सकिँदैन, त्यसका अतिरिक्त सञ्चित र क्रियमाण कुनै नराम्रो प्रभावबाट बच्नका लागि तपस्या र उपासना गरिन्छ । ...सञ्चित र प्रारब्ध कर्महरू भूतकालिक कर्महरूसँग सम्बन्धित छन् परन्तु क्रियमाण कर्म ती हुन् जो वर्तमान कालमा गरिँदै छन् । ...यी भावी जीवनमा या तत्काल समाविष्ट हुन्छन् । (भट्ट, २०४० पृ. १६५)

यी माथिका अभिव्यक्तिहरूले यस जन्ममा गरिएका कर्महरूको फल आगामी जन्ममा पनि भोग्नुपर्छ भन्ने सङ्केत प्राप्त हुन्छ । वर्तमान कालमा हामी जे गर्दै छौँ त्यो सञ्चित र प्रारब्ध नियतिको फल हो भने क्रियमाण कर्मले भावी कर्मरेखा पनि कोरिँदैछ भन्ने बुझिन्छ ।

लेखनाथका कतिपय कविताहरूमा पन्छीलाई विशेष महत्त्व दिएको पाइन्छ । सुगा, मैना, गौँथली, चातक, च्याखुरा आदि लेखकका छनोटमा परेका पन्छीहरू हुन् । कवितामा छानिएका यी पन्छीहरूको अवस्था भने कारुणिक रूपमा चित्रण गरिएको पाइन्छ । चातक पनि यस्तै तिर्खाले व्याकुल भएको पन्छी हो । बादल गर्जनासाथ पानी पर्ला र तिर्सना मेटाउँला भन्ने आशले आकाशतिर फर्केको चातक बादल गर्जेर पानी नपरेपछि निकै चिन्तित बनेको प्रसङ्ग 'परिश्रान्त चातक' नामक कवितामा वर्णित छ । चातक वा काकाकुलले आकाशबाट बर्सेको पानीमात्र पिउन पाउँछ । जमिनको पानी पिउन उसलाई कसैले रोक्दैन तर पनि ऊ जमिनमा भएको पानी पिउँदैन । यो उसको लेखान्त हो । लेखान्तभन्दा विपरीत जान नसक्नु हरेक प्राणीहरूको नियति हो । आकाशबाट पानी बर्सिन आँटेको देखेर पानी पिउन पाउने आशाले निकै प्रफुल्ल देखिएको चातक बादल गर्जेर पानी नपरेपछि निकै दुखी बनेको प्रसङ्गलाई कविले यसरी वर्णन गरेका छन् :

**त्यै श्रद्धा रसरङ्ग त्यै छ सब त्यै उल्लास कौतूहल**
**त्यै तृष्णा मनको छ सूक्ति-रस त्यै त्यै भावना शीतल**
**त्यै सारा छ तथापि दुर्नियतिले राखेन त्यो जीवन**
**खस्क्यो शक्ति शनैः शनैः नयनमा निस्क्यो धमीलोपन ।** (परिश्रान्त चातक, श्लोक २)

पानी परेपछि मनको तृष्णा मेटुन्जेल पानी पिएर शरीरलाई शान्त पार्ने भावना बोकेको चातक पानी नपरी बादलमात्र गर्जिएपछि चिन्तित बनेको छ । ऊ पानी पिउन नपाउने दुर्नियतिमा पुगेको छ । भाग्यले नै उसलाई ठगेको छ । उसले चाहेर पनि पानी पर्न सक्दैन । पानी पार्ने कारण चातक बन्न सक्दैन । यो पीडा भोगाइको कारण नियति हो । जमिनमा जतिसुकै पानी भए पनि उसले पिउन नपाउनु उसको लेखान्त हो । यही लेखान्तमा परेर चातक आज दुर्नियति भोगिरहेछ । यही विषयलाई कविले कारुणिक रूपमा वर्णन गरेका छन् ।

भाग्यलाई चिनाउन त्यति सहज छैन । भाग्य के हो भन्ने सन्दर्भमा विद्वान्हरूका आ-आफ्नै मतमतान्तरहरू हुन सक्छन् तर जे भए पनि भाग्य व्यक्ति वा प्राणीको नियन्त्रणभन्दा बाहिरको वस्तु हो । कसैले यसलाई ईश्वरको संज्ञा दिन्छन् । विश्वमा जे छ त्यो पूर्व निर्धारित हुन्छ । त्यसको कारण विश्वभन्दा नितान्त बेग्लै हुन्छ । मानिसले गर्ने कर्म पनि पहिले नै निर्धारण गरिएको हुन्छ । उसले चाहेर नियतिविपरीत अर्को काम गर्न सक्दैन । यस्तो निश्चित कर्मतिर उन्मुख गराउने ईश्वर, दैव वा नियति हो । मानिस निमित्त कारणमात्र हो । यसको नियन्ता ईश्वर वा परब्रह्म हो । कर्मनियन्ता ईश्वर या अदृश्य शक्ति हो । हाम्रो भाग्यमा जे लेखिएको छ त्यही हुन्छ, जुन दैवको इच्छा हुन्छ । (प्रसाद, १९८२ पृ. २२८) कवि लेखनाथले 'प्रभात' शीर्षकको कवितामा पनि माथिको सिद्धान्तलाई

आधार मान्दै ब्राह्मण जातिले नियतवश नै योग, तपस्या, जप, ध्यान वा नित्य कृत्यको अभिभारा लिएर आएका हुन् कि भन्ने भावलाई प्रस्तुत गरेका छन् । ब्राह्मण जातिको नियतमाथि कवि यसरी प्रस्तुत भएका छन् :

**भस्म, दर्भ, तिल, जौ, फुल-पाती**
**पात्र, चर्म, सब ली बहुभाँति ।**

**ब्राह्मणाऽदिक बसे दृढचित्त**
**घाटमा नियत-कृत्य-निमित्त ।** (प्रभात, श्लोक ११)

तिल, खरानी, जौ, फूलपातीजस्ता सामग्रीहरू लिएर ब्राह्मणहरू घाटमा नित्य कर्म गर्नका लागि गएका छन् । मानौँ यो कर्म गर्नलाई विधिले नै ब्राह्मणहरूलाई जन्म दिएका हुन् कि भन्ने भाव माथिको कविताांशबाट स्पष्ट हुन्छ । यस अभिव्यक्तिले पनि लेखक नियतिवादका रूपमा परिचित छन् ।

प्राणी आवेगमा आएर सोचविचार नगरी कुनै घटना घटित गराउँछ । घटनापश्चात् आफूले गरेका काम गल्ती महसुस गरी पश्चात्तापमा पर्दछ र गरेको कामबाट प्राप्त दुःखद परिणामलाई भाग्यको खेल मान्दछ । 'यसो नभएको भए यस्तो हुने थिएन' भन्ने अभिव्यक्तिहरू दिन थाल्छ तर ती अभिव्यक्तिहरू निराधार हुन्छन् किनकि जे हुनु थियो त्यो पहिले नै निर्धारत हुन्छ । प्राणीले त्यस लिखित नियतिलाई रोक्न सक्दैन । नियति यति शक्तिशाली हुन्छ कि त्यस शक्तिका अगाडि सर्वाधिक शक्तिशाली ठान्नेहरू पनि नियतिका नियन्त्रणमा हुन्छन् । लेखनाथले 'मनः परिवर्तन' शीर्षकको कवितामा कप्तान मनरो पात्रको मन परिवर्तन भएको सन्दर्भलाई प्रस्तुत गरेका छन् । सत्य घटनामा आधारित प्रस्तुत कविताको विषयवस्तु एक पन्ध्र वर्षीया बालिकाको गोली हानी हत्या गरेपछि मनरो पात्रको मन परिवर्तन भएको र हत्या गरिएकी बालिकाको पाउ पक्रेर माफ मागेको विषय वर्णित छ । माफ माग्ने सन्दर्भमा मनरो आफूले गल्ती गरेको र त्यस गल्तीप्रति क्षमायाचना गरिएको विषय प्रस्तुत छ । कवितामा भनिएको छ : "हे बालिके ! तिमीले माफ नदिए म नरकमा पर्नेछु ।" प्रारब्धका तीन वर्गमध्ये पछि भोग्नुपर्ने भाग्यरेखालाई क्रियमाण भनिन्छ । वर्तमानमा गरेका कर्मबाट पछि भोग्नुपर्ने नियति क्रियमाण हो । यही अवस्थाप्रति विश्वास भएकै कारण मनरो आफूले गरेको अपराधको प्रायश्चितका लागि बालिकासँग क्षमा मागिरहेको छ । यदि क्षमा नपाएमा जिउँदै नर्कको बास हुने नियतिप्रति मनरो विश्वस्त छ । यही विषयलाई कविले यसरी वर्णन गरेका छन् :

**तिमीले नगरे क्षमा ममा**
**म अभागी सबका समक्षमा ।**
**जिउँदै उस नर्कमा गएँ**
**जसमा देवि ! नजन्मँदै थिएँ ।** (मनः परिवर्तन, श्लोक ८)

हे देवी ! तिमीले क्षमा दिएनौ भने म अभागी हुनेछु । मेरो भाग्यमा नर्कको बास लेखिनेछ । म जिउँदै नर्कमा पर्नेछु जुन नर्कमा म नजन्मिँदा पनि थिएँ । भाग्यले मलाई फेरि नर्कको बास गराउने भयो । त्यसैले नर्कबाट बच्नका लागि मनरो पात्रले गरेको यो विलापलाई कविले भाग्यसँग जोडेर वर्णन गरेका छन् । मनरोले आफूलाई अभागी अथवा पूर्वजन्ममा नै हत्याराको कर्म लिएर जन्मेको हुँ भन्ने भाव प्रस्तुत गरेको छ । अर्को जन्म वा यही जन्ममा नै मेरो भाग्यले नर्कमा पुऱ्याउने भयो भन्ने शङ्काले मनरो त्रसित बनेको छ । यही भाव नै माथिको पद्यांशको आशय हो ।

नेपाल गरिबीको रेखामुनि रहेको छ भन्ने प्रमाण लेखनाथले पनि आफ्ना कविताहरूमा उल्लेख गरेका छन् । नेपालीहरू दैनिक जीविका चलाउन नसकेर कामको खोजीमा बिदेसिने प्रवृत्ति पुरानै रोग हो भन्ने कुराको

पुष्टि उनका कविताहरूले गरेका छन् । प्रवासमा बसेका नेपाली छोराछोरीहरूलाई स्वदेश फर्किन आग्रह गर्दै नेपाल आमाले लेखेको पत्र शैलीको कविता देशप्रेमसँग निकै निकट सम्बन्ध राख्दछ । देशप्रेममात्र नभएर त्यस कवितामा भाग्यवादको विषयलाई समेत प्रस्तुत गरिएको छ । 'प्रवासीलाई नेपाल आयो प्रत्युत्तर', 'प्रबासी बन्धुसित', ' प्रवासी पुत्रको मार्मिक चिठी', 'राष्ट्रको जागृति', 'कलमसित', 'आश्चर्य चकित चातक', 'कविको उन्निद्रता', 'म मधेसमा', 'नेपाल र नेपाली', 'पिँजराबाट छुटेको सुगा' आदि कविताहरूमा समेत भाग्यवादी चिन्तन प्रस्तुत भएका छन् । नियतिले मानिसलाई बिदेसिन बाध्य बनाएको, विदेशमा काम गर्दासमेत हतभाग्य बनेका वा ठगिएका नेपालीहरूको पीडादायक सन्दर्भहरूलाई पौड्यालले मार्मिक शैलीमा प्रस्तुत गरेका छन् । कुम्भकर्णलाई नियतिले निदाउने वरदान दिएको, भाग्यमा नभएपछि जतिसुकै काव्यसाधनामा तल्लीन रहे पनि वाल्मीकि र व्यास बन्न नसकिने सन्देशसमेत प्रस्तुत गरिएकोछ । भाग्यकै कारण करोडपति रोडपति हुने र रोडपति करोडपति बन्ने छन् भन्ने आशयलाई लेखनाथका कविताहरूले प्रस्ट पारेका छन् । कर्मको रेखा कालो बनिदिँदा कविको भावना पनि कालो बन्ने छ भन्ने तर्क पौड्यालको रहेको छ । करीरको बोटमा पात नहुनु, उल्लुले दिउँसो नदेख्नु भाग्यकै खेल हो । हामी नेपालीहरू भाग्यमा नै बढी विश्वास गर्ने हुँदा जुनसुकै कामलाई पनि 'भाग्यको खेल हो' भन्ने गर्छौं । यसरी लेखनाथका अधिकांश कविताहरू भाग्यवादबाट प्रेरित छन् । भाग्यबिना जीवन सफल हुँदैन र भाग्यमा लेखिएको दैवको लेखा हरेक प्राणीको जीवनचक्र हो । यही नियतिको लेखका आधारमा सृष्टि सञ्चालित हुन्छ भन्ने उदाहरणहरू माथिका कवितांशहरूबाट स्पष्ट हुन्छ ।

## निष्कर्ष

प्रस्तुत लेखले नियतिवादलाई आत्मसात् गरी नियतिभन्दा बाहिर जीवनचक्र सम्भव छैन भन्ने विषयलाई प्रस्तुत गरेको छ । लेखनाथका कविताहरू नियतिका पक्षधर हुन् । उनका रचनाहरू नियतिले ग्रसित छन् । विषयवस्तुका रूपमा कुनै न कुनै रूपमा नियतिलाई स्विकारेका छन् । उनका कविताहरूको मूल प्रवृत्ति नै नियति हो भन्ने निष्कर्षमा पुगिन्छ ।

भाग्य कुनै पनि प्राणीको नियन्त्रणमा हुँदैन । सबै प्राणी आफ्नो इच्छानुसार काम गर्न सक्दैनन् । काम गरिहाले पनि भाग्यभन्दा बाहिर रहेर त्यसको प्रतिफल प्राप्त हुँदैन । यसको मूल कारण प्रारब्धको परिणाम हो । बन्धन वा पिञ्जरामा पर्नुको कारण पूर्वजन्मको फल हो । प्रारब्धको कर्मको फल नभइदिएको भए सबैको एकैखाले उन्नति हुने थियो ।

प्रकृति आफै स्वतन्त्र छ तर पनि प्राकृतिक नियमविपरीत प्रकृतिका पदार्थहरू पनि सञ्चालित छैनन् । यो आफैमा एक नियति हो । विष्णु, शिवजस्ता शक्तिशाली पात्रहरूले गर्न नसकेको काम महाकालीले सहजै रूपमा गर्न सक्नु भनेको नियतिकै खेल हो । शुम्भ, निशुम्भजस्ता पात्रहरूको विनाश महाकालीकै हातबाट हुने नियति थियो ।

लेखनाथले चङ्गालाई दर्शनको राम्रो विषय बनाएका छन् । चङ्गा लठारिनु उसका जीवनमा आउने समस्याहरू हुन् । यी समस्या उसले सिर्जना गरेका होइनन् । चङ्गा कसैसँग नलठारिई माथि उड्न चाहन्छ तर अरूका कारण लठारिन बाध्य हुन्छ । मानिसहरूमा आइपर्ने अनेकौं कठिनाइहरू पनि मानिसले आफैं सिर्जना गरेका होइनन् । ती पूर्वजन्ममा गरिएका कर्मफलहरू हुन् भन्ने निष्कर्ष लेखनाथका कविताहरूबाट स्पष्ट हुन्छ । जीवन मानिसले सोचेजस्तो बन्न सक्दैन । जे हुनु थियो त्यो भएरै छाड्छ । प्रकृतिजगत्को निर्णय कार्यान्वयनमा विधि वा नियति नै बलवान् हुने दार्शनिक आधारलाई लेखनाथले आफ्ना कविताहरूको विषय बनाएका छन्। पौड्यालले नियतिलाई नै सर्वाधिक शक्तिशाली मानेका छन् । व्यास र वाल्मीकि बन्ने रहर धेरै मानिसहरूमा हुन सक्छ तर

कोही पनि त्यो ठाउँमा पुग्न सकेका छैनन् । त्यो सबै नियतिकै खेल हो । सोहीअनुसार लेखनाथले पनि व्यास र वाल्मीकि बन्न नसकेकोमा भाग्यलाई नै दोष दिएका छन् ।

राष्ट्रप्रमुख भएर मात्र धनाढ्य हुन्छ भन्ने होइन उसलाई भाग्यको चक्रले कुनै बेला भिखारी वा मगन्ते बनाउन सक्छ । कुनै भिखारी भाग्यका कारण राष्ट्रप्रमुख वा धनाढ्य भएका घटनाहरू पनि इतिहासमा विद्यमान छन् । पद, मान, मर्यादा, सम्पति आदिको घमण्ड कसैले पनि गर्नु हुँदैन । भाग्यले कसलाई कहाँ पुऱ्याउँछ यो कसैको वशमा छैन । यिनै विषयहरू लेखनाथका कविताबाट पाइने नियतिसम्बन्धी दार्शनिक मान्यताहरू हुन् ।

करीरका बोटमा पात नहुनु, उल्लुले दिउँसो आँखा नदेख्नु, पानीका थोपा काकाकुलका मुखमा नपर्नु आदि नियतिले दिएका परिणाम हुन् । नियतिले ललाटमाजस्तो गति दिएको छ त्यसलाई बदल्न कसैले सक्दैन । मानिसका मनका इच्छाहरू पूरा हुनु नहुनुमा व्यक्तिको कुनै भूमिका हुँदैन । यी सबै दैवको अधीनमा हुन्छन् । दैव वा भाग्यले जे खटाउँछ त्यसैमा सन्तोष गरेर बस्नु नै उत्तम हुन्छ भन्नु लेखनाथका कविताको निष्कर्ष हो ।

नियतिको वशमा परेपछि जस्तोसुकै विद्वान् पनि नियतिका विरुद्धमा हिँड्न सक्दैन । नियतिका पछाडि बुद्धि पनि पराजित हुन्छ । रामचन्द्र वनवास गएका समयमा सुनको मृग देख्नुभाग्यका अगाडि बुद्धि पराजित हुनु हो । नियतिका अगाडि बुद्धिले समेत काम गर्न सक्दैन । कुनै व्यक्तिले गरेका काम असल हुन् अथवा खराब ती नियतिकै प्रतिफल हुन् । हामीले गरेका कामको फल हाम्रो हातमा हुँदैन । त्यसैले नियतिमा नै विश्वास राख्नुबाहेक अर्को विकल्प छैन भन्ने कवि लेखनाथका फुटकर कविताहरूको सारतत्त्व हो । उनका कविताहरूमा नियतिबाट सञ्चालित मानवीय जीवनचक्रलाई प्रस्तुत गरिएको छ । समग्रमा कवि लेखनाथ पौडेल पूर्णतः नियतिवादी स्रष्टा हुन् र उनको नियतिवादी चिन्तन नेपाली कविता साहित्यको इतिहासमा एउटा फराकिलो सिमाना बनेर उभिएको छ ।

**सन्दर्भ सामग्रीसूची**

अमरसिंह(सन् १९९५).**अमरकोष**. वाराणसी : चौखम्बा विद्याभवन ।

कालिकाप्रसाद (सन् १९८९).(सम्पा.).**वृहद् हिन्दी कोश**. छै.सं. वाराणसी : ज्ञान मण्डल लिमिटेड ।

चतुर्वेदी, द्वारकाप्रसाद शर्मा र तारिणीश झा (सन् १९५७).**संस्कृत शब्दार्थ कौस्तुभ**. इलाहावाद : रामनारायणलाल ।

चालिसे, नारायण (२०६६). 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पूर्वीय दर्शनको प्रभाव'. अप्रकाशित शोधप्रबन्ध. विद्यावारिधि. नेपाल संस्कृत विश्वविद्यालय, दाङ ।

त्रिपाठी, वासुदेव (२०३२). **नेपाली कविताको सिंहावलोकन**. दो.सं. ललितपुर : साझा प्रकाशन ।

__________(२०३४). 'लेखनाथ पौड्यालको कवित्वको विश्लेषण तथा मूल्याङ्कन'. विद्यावारिधी, अप्रकाशित शोधप्रबन्ध त्रिभुवन विश्वविद्यालय ।

__________ (२०४२). **कविशिरोमणि लेखनाथका प्रतिनिधि कविता**. काठमाडौँ : श्री ५ को सरकार सूचना विभाग ।

__________(२०४६). **लेखनाथका प्रमुख कविता.** ललितपुर : साझा प्रकाशन ।

दैवज्ञराज न्यौपाने र केशव सुवेदी (२०६०). **नेपाली कविता भाग ४**. काठमाडौँ : साझा प्रकाशन ।

दाहाल, कृष्णप्रसाद (२०५७).'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा द्वन्द्वविधान'. अप्रकाशित शोधप्रबन्ध. विद्यावारिधि. त्रिभुवन विश्वविद्यालय ।

न्यौपाने, नेत्रप्रसाद (२०७२). 'लेखनाथका कवितामा बन्धन र मुक्ति'. अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय ।

पाण्डे, राजबल्ली (सन् १९८८). सम्पा. **हिन्दू धर्म कोश**. दो. सं. लखनऊ : उत्तरप्रदेश हिन्दी संस्थान ।

पाण्डे, ज्ञानु (२०६२). **विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा अस्तित्ववाद**. काठमाडौँ : नेपाली आख्यान समाज ।

प्रसाद, राजेन्द्र (सन् १९८२). **दर्शनशास्त्रकी रूपरेखा.** पटना : शुक्ला बुक डिपो ।

भट्ट, रामचन्द्र (२०४०).'औपनिषदिक दर्शन एक विवेचनात्मक अध्ययन'. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय ।

लामिछाने, यादवप्रसाद (२०६१). 'आधुनिक नेपाली उपन्यासमा विसङ्गतिबोध'. विद्यावारिधि शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६०). **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**. काठमाडौँ : ने.रा.प्र.प्र. ।

वर्मा, धीरेन्द्र (सन् १९६४). सम्पा. **मानक हिन्दी कोश**. प्रयाग : हिन्दी साहित्य सम्मेलन ।